"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541559, 541055
Fax: 071-542812
Email: info@tinaumissionbank.com

मितिः २०७७०३।२६

प.सं.०७६।७७
च.नं: २७८५

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा
काठमाण्डौ, नेपाल ।

**विषयः साधारण सभाको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको तेह्रौ साधारण सभा मिति. २०७७ साल अषाढ २५ गते बिहिबार सम्पन्न भै साधारण सभाबाट देहाय बमोजिम प्रस्तावहरु सर्वसम्मतवाट निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**(क) सामान्य प्रस्तावहरु :-**

(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने गर्ने निर्णय भएको ।

(२) आ.व.२०७५/०७६ को तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वासलात, मिति २०७५/०४/०१ देखि २०७६/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने निर्णय भएको ।

(३) आ.व.२०७५/०७६ को साविक मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ ३० गतेसम्मको वित्तीय विवरणहरु पारित गर्ने निर्णय भएको ।

(४) आ.व.२०७५/०७६ को साविक नेपाल कम्यूनिटि डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्तको वासलात, मिति २०७५/०४/०१ देखि २०७६/०३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने निर्णय भएको ।

(५) बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७६/०७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरीएको र निजको पारिश्रमिक निर्धारण गर्ने निर्णय गरिएको । साथै साविक नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेडको यस आ.व.२०७६/७७ को मिति २०७६/०८/२१ गते सम्मको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरीएको र निजको पारिश्रमिक निर्धारण गर्ने निर्णय गरीएको ।

(६) बैंकको नियमावली अनुसार संस्थापक शेयरधनी समूह बाट श्री जीवन प्रसाद वभ्का, श्री राजेन्द्र प्रसाद वभ्का, श्री ऋषिराम पाण्डे, श्री सालिकराम बेलबासे निर्बिरोध निर्वाचित हुनुभएको र सर्वसाधारण शेयरधनी समूह को तर्फबाट श्री अनिल प्रसाद श्रेष्ठ र श्री विपिन पौडेल निर्बिरोध निर्बाचित हुनुभएको ।

"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541559, 541055
Fax: 071-542812
Email: info@tinaumissionbank.com

**(ख) विशेष प्रस्तावहरु :-**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको हाल कायम रहेको चुक्ता पूंजी रु.१,१४,४१,६८,१२५.७६ को १२ प्रतिशतले हुने रकम रु.१३,७३,००,१७५.०९ बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने निर्णय भएको ।

(२) बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूंजीको ३:१ (तीन कित्ता शेयर बराबर थप एक कित्ता शेयर) को अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृति गर्ने निर्णय भएको ।

(३) प्रवन्धपत्र तथा विनियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने निर्णय भएको ।

(४) साविकको मिसन डेभलपमेण्ट बैंक लिमिटेड र नेपाल कम्युनिटि डेभलपमेण्ट बैंक लिमिटेडको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता खारेजी र कर कार्यालयमा हिसाव फाछ्र्यौट गरी पान नं. दर्ता खारेजी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भएको ।

(५) तिनाउ मिसन डेभलपमेण्ट बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंग एक आपसमा गाभ्ने वा गाभिने सम्वन्धमा समझदारी पत्र तयार गरी हस्ताक्षर गर्ने, बैंकको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व मुल्याकंन गर्न मुल्याकंनकर्ता लेखापरीक्षक नियुक्ति गर्ने, निजको पारिश्रमिक तोक्ने, मर्जरको लागि समिति गठन गर्ने तथा आवश्यक अन्य सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय भएको ।

(६) साधारण सभाद्वारा स्वीकृत गरिएको प्रस्तावित प्रवन्धपत्रको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न वा सच्याउन सञ्चालक समितिलाई अख्तियारी दिने गर्ने निर्णय भएको ।

भवदीय,

............

प्रदिप कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत